नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
Financial Comptroller General Office

प.सं. २०७५।०७६
च.नं. ६४६

मिति : २०७५।११।२३

**विषय : कारोवार हस्तान्तरण ।**

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
सवै ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं ४४८, मिति, २०७५।११।०६ को पत्रबाट मन्त्रिपरिषद्को मिति २०७५।९।९ को निर्णयानुसार जिल्ला प्रशासन कार्यालय अन्तर्गत रहेको शिक्षा विकास तथा समन्वय इकाई शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत रहने भएकोले यस मन्त्रालयको मिति २०७५।१०।२९ को निर्णयअनुसार (सचिवस्तरीय) देहाय बमोजिम हुन अनुरोध भई आएको छ :

१) शिक्षा तथा मानव श्रोत विकास केन्द्र, विद्यालय शिक्षक किताबखानाबाट चालु आ.व.को अखितयारी/LMBIS बमोजिम निकासा/खर्च भएका सम्पूर्ण कारोवारहरु सहित बांकी रहेको बजेट/कार्यक्रम शिक्षा विकास तथा मानव श्रोत विकास केन्द्र मातहत रहने शिक्षा विकास तथा समन्वय इकाईमा कायम गरिदिने ।

२. स्वीकृत संगठन संरचना बमोजिम सवै शिक्षा विकास तथा समन्वय इकाईहरुलाई कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत नयाँ कार्यालय कोड उपलब्ध गराई निकासा खर्च सम्बन्धी काम कारवाही गर्ने,

३) चालु आवको ख ६ समूहका खाता, राजस्व तथा धरौटी सम्बन्धी सम्पूर्ण कारोवारहरु तथा बांकी रकम शिक्षा विकास तथा समन्वय इकाईमा कायम गर्ने,

४) शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र अन्तर्गतका निकायबाट प्रदान गरिने सम्पूर्ण आर्थिक कारोवार शिक्षा विकास तथा समन्वय इकाई मार्फत गर्ने ।

यसैगरी अर्थ मन्त्रालयको मिति २०७५।११।२२, च.नं.२०४५ को पत्रबाट शिक्षा विकास तथा समन्वय इकाईको बजेट तथा कार्यक्रम शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत नै ब.उ.शि.नं. ३५००१४ मा रहेको र सोही अनुसार शिक्षा विकास तथा समन्वय इकाईको LMBIS मा अद्यावधिक गरिएको व्यहोरा मिति २०७५।११।१० को निर्णयानुसार अनुरोध छ भन्ने पत्र प्राप्त भएको सन्दर्भमा साविक जिल्ला प्रशासन कार्यालय अन्तर्गतको शिक्षा विकास तथा समन्वय इकाईको नामको रहेको अख्तियारी/LMBIS बाट भएका निकासा लगायत अन्य आर्थिक कारोवार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको निर्णय अनुसार (माथि उल्लेखित) गर्न र यस अघि जिल्ला प्रशासन अन्तर्गतको शिक्षा विकास तथा समन्वय इकाईको नाममा भएका आर्थिक कारोवार घटाई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गतको शिक्षा विकास तथा समन्वय इकाईको नाममा समायोजन गर्न मिति २०७५/११/२३ को निर्णयानुसार (महालेखा नियन्त्रक स्तरीय) अनुरोध छ ।

(नारायण बहादुर थापा)
लेखा अधिकृत

**बोधार्थ**

श्री अर्थ मन्त्रालय, सिंहरदरवार, काठमाडौं ।
श्री गृह मन्त्रालय, सिंहदरवार, काठमाडौं ।
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार, काठमाडौं ।

निजामति सेवाको सपना, समृद्ध नेपालको रचना

अनामनगर, काठमाण्डौ, फोनः ०१-४४३८५३६, ४४३८५४५, फ्याक्सः ०१-४४१४६५१
E-mail: info@fcgo.gov.np, Website: www.fcgo.gov.np